REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 24.12.2024

---

*National Consumer Day*

सारा देशमा आज रास्ट्रिय उपभोक्ता दिवस मनाइयो।

प्रत्येक वर्ष चौबिस दिसम्बरका दिन पालन गरिने यस दिवसले प्रत्येक उपभोक्ताको अधिकार र उत्तरदायित्वको महत्व दर्शाउँछ।

यसै दिन उपभोक्ता संरक्षण अधिनियम 1986 लागू भएको थियो।

यो वर्षको विषय छ भर्चुअल सुनवाई र उपभोक्ता न्यायसम्म डिजिटल पहुँच।

रास्ट्रिय उपभोक्ता दिवसको अवसरमा केन्द्रीय उपभोक्ता मामिला मन्त्री श्री प्रहलाद जोगीले भर्चुअल माध्यमद्वारा कैयौं पहलहरू शुरू गर्नुभयो।

यसको उद्देश्य ई-कमर्स प्लेटफार्ममा डार्क पैटर्न चिन्नु र उपभोक्ताहरूलाई सशक्त बनाउनु हो।

यता राज्यमा पाकिम जिल्लाको वेस्टपाण्डम समस्टि अन्तर्गत माझिटारमा एउटा समारोह आयोजन गरिएको थियो।

राज्यको खाद्य तथा नागरिक आपुर्ति विभागको तत्वावधानमा माजिटार स्पोर्टिङ क्लबसित मिलेर यसको आयोजना सिक्किम उपभोक्ता संघ फेडरेशनले गरेको थियो।

कार्यक्रममा कृत्रिम वौद्धिक्ता AI को युगमा उपभोक्ताहरूका अधिकारको रक्षा गर्नुपर्ने र उपभोक्ताहरूलाई सशक्त बनाउनुपर्ने अवश्यकतामाथि जोड़ दिइयो।

राज्यका अन्य ठाउँमा पनि आज रास्ट्रिय उपभोक्ता दिवस मनाइयो।

---

*Bridge Inauguration*

समाज कल्याण मन्त्री तथा विधायक श्री सामडुप लेप्चाले आज प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत मंगन पेन्तोक सड़कदेखि मालिङसम्मको राफोङछूमा चालिस मिटर लामो इस्पातको पुलको उद्धाटन गर्नुभयो।

सामाजिक आर्थिक बिकासको प्रवर्द्धनका लागि ग्रामीण सड़क सम्पर्क बढ़ाउने उद्देश्यले शुरू गरिएको ध्वजवाहक कार्यक्रम प्रधानमन्त्री ग्राम सड़क योजनाको रास्ट्रब्यापी कार्यान्वयनको पच्चीस वर्ष पूरा भएको अवसरमा यो पुलको उद्धाटन गरियो।

कार्यक्रममा बोल्दै क्षेत्र विधायक श्री साम्डुप लेप्चाले आजीविकामा सुधार, आवश्यक सेवाहरूको उपलब्धता र बिकासका लागि सम्पर्कव्यवस्थाको महत्ववारे प्रकाश पार्नुभयो।

क्षेत्रमा पूर्वाधारलाई सुदृढ़ बनाउन अझ धेरै परियोजनाहरू आउने आशा व्यक्त गर्दै उहाँले सामूहिक प्रयास जारी राख्ने आग्रह गर्नुभयो।

2000 सालमा शुरू गरिएको प्रधानमन्त्री ग्राम सड़क योजना ग्रामीण पूर्वाधारमा सुधार ल्याउने दिसातर्फ महत्वपूर्ण सिध्द भएको छ।

---

*Loksabha MP*

सत्ताइसौं रास्ट्रिय एकीकरण तथा युवा नेतृत्व शिविर गान्तोकको चिन्तन भवनमा आजदेखि शुरू भएको छ।

यो सातदिनसम्म चल्नेछ।

सिक्किम सरकार र पूर्वोत्तर परिषदको सहयोगमा युवाहरूका लागि विज्ञान तथा संस्कृति संगठनद्वारा आयोजित शिविरमा देशभरिबाट आएका सहभागीहरूमा रास्ट्रिय एकीकरण नेतृत्वको विकास गरिनेछ।

उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै सिक्किमका लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले सामञ्जस्यपूर्ण र प्रगतिशील रास्ट्र निर्माणमा युवाहरूलाई संलग्न गराउनुको महत्वमाथि जोड़ दिनुभयो।

उहाँले एकता बढ़ाउन र भारतका लागि उज्जवल भविस्य निर्माणमा नेतृत्व, सांस्कृतिक बिनिमय र बैज्ञानिक उन्नतिको भूमिका महत्वपूर्ण रहने कुरो बताउनुभयो।

अन्तरिक्ष विज्ञान तथा भारतीय अन्तरिक्ष अन्वेषण मिशन विषयमाथि संगोष्टि समारोहको अर्को आकर्षण थियो।

---

*Survey DIC Soreng*

वाणिज्य तथा उद्योग विभाग अधिन जिल्ला औद्योगिक केन्द्र, सोरेङले SIKKIM INSPIRES कार्यक्रम अन्तर्गत उद्यमिता विकास योजनाहरूको प्रभावको सर्वेक्षण गरिरहेछ।

आजदेखि शुरू भएको सर्वेक्षण कार्य सताइस दिसम्बरमा समाप्त हुनेछ।

कौशल युवा स्टार्टअप योजना, प्रधानमन्त्री रोजगार अर्जन कार्यक्रम, प्रधानमन्त्री सूक्ष्म खाद्य प्रसंस्करण उद्यम औपचारिकीकरण जस्ता विभिन्न राज्य तथा रास्ट्रिय योजनाहरूका असरको लेखाजोखा गर्ने उद्देश्यले यसको आयोजना गरिँदैछ।

सर्वेक्षणमा जिल्ला औद्योगिक केन्द्र सोरेङका महाप्रनन्धकको नेतृत्वमा गणक र तकनिकी सहायता एजेन्सी कर्मीहरू समावेश रहेको टोलीले सोरेङ जिल्लाका चारवटा समस्टिहरूका घर घरमा गएर विभिन्न ऋण आधारित सब्सिडी योजनाहरूको प्रभाववारे जानकारी लिइरहेछन्।

---

*Christmas*

भोलि बडादिन हो।

यस अवसरमा राज्यपाल श्री ओमप्रकाश माथुरले राज्यवासीहरूलाई शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा राज्यपालले क्षमादिने अनि खुशी र प्रेम साझा गर्ने यस उत्सवले राज्यमा बसोबासो गर्ने सबै समुदायमाझ मानवता र भातृत्वको भावनालाई सुदृढ़ बनाउनेछ भन्ने आशा व्यक्त गर्नुभएको छ ।

---

*JPC One Nation One Election*

एक रास्ट्र एक चुनाउसित सम्वन्धित दुइवटा विधेयकहरूवारे संयुक्त संसदीय समितिको पहिलो बैठक आउँदो महीना आठ तारीक बस्नेछ।

उन्चालिस सदस्यीय समितिमा लोकसभाका सत्तइस र राज्यसभाका बाह्र सदस्यहरू सामेल छन्।

समितिले अघिल्लो संसद सत्तको अन्तिम सप्ताहको पहिलो दिन आफ्नो रिपोर्ट सुम्पिनेछ।

राज्यसभाबाट भारतीय जनता पार्टीका घनश्याम तिवारी, भुवनेश्वर कलिता र के लक्ष्मण, काँग्रेसका सुरजेवाला र मुकुल बालकृष्ण वासनिक र जेडीयूका संजय कुमार झा र अन्य संसदीय समितिका सदस्यहरू सामेल छन्।

यी विधेयकहरूलाई आधिकारिक रूपमा सम्विधानको (एक सय उन्तीसौं संशोधन) विधेयक 2024 र केन्द्रशासित प्रदेश कानून (संशोधन) विधेयक 2024 नाम दिइएको छ।

---

*Football*

सिङलिङ्ग स्पोर्टिङ क्लब सिक्किम Rising Star 2.0 (two point zero) under 17 फुटबल प्रतियोगिता अन्तर्गत ठिटीहरूका वर्गमा विजेता भएको छ।

गान्तोकको पाल्जोर स्टेडियममा आज भएको फाइनल खेलामा यस टीमले मानेबुङ देन्ताम स्पोर्टस सोसाइटीलाई एक गोलले परास्त गरयो।

ठिटाहरूको फाइनल आउँदो चार जनवरीका दिन सञ्जु फुटबल एशोसिएशन र Northerners फुटबल क्लबवीच खेलिनेछ।

---